**निर्णयहरुः-**

**देहायका प्रस्तावहरुमा देहायमा लेखिएबमोजिम गर्नेः-**

१. उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको "रामारोशन क्षेत्र पर्यटन विकास तथा व्यवस्थापन समिति गठन आदेश, २०७६ लाई स्वीकृति गर्ने" विषयको नं. ४/१७/१६०-२०७६/०२/३० को प्रस्तावमा देहायबमोजिम गर्नेः-

"प्रस्तावमा लेखिएबमोजिम गर्ने ।"

२. आन्तरिक मामिला तथा कानून मन्त्रालयको " हवाई उद्धार कार्यको लागि बजेट व्यवस्था गर्ने" विषयको नं. २/२५/१६३-२०७६/०३/१० को प्रस्तावमा देहायबमोजिम गर्नेः-

"प्रस्तावमा लेखिएबमोजिम गर्ने ।"

३. आन्तरिक मामिला तथा कानून मन्त्रालयको "प्रदेश विपद् व्यवस्थापन तथा राहत वितरण निर्देशिका, २०७६ स्वीकृत गर्ने" विषयको नं. २/२६/१६४-२०७६/०३/१० को प्रस्तावमा देहायबमोजिम गर्नेः-

(१) प्रस्ताव भई आएको निर्देशिकाको नाम संशोधन गरी "प्रदेश विपद् व्यवस्थापन तथा राहत वितरण निर्देशिका, २०७६" कायम गर्ने ।

(२) निर्देशिकाको प्रस्तावना खण्डको तेस्रो हरफमा रहेको "मापदण्ड सम्बन्धी" भन्ने शब्दावली हटाउने ।

(३) दफा १ संक्षिप्त नाम र प्रारम्भको उपदफा (१) र उपदफा (२) को सट्टा देहायको उपदफाहरु कायम् गर्नेः-

"(१) यस निर्देशिकाको नाम "प्रदेश विपद् व्यवस्थापन तथा राहत वितरण निर्देशिका २०७६" रहेको छ ।

(२) यो निर्देशिकामा प्रदेश मन्त्रिपरिषद्बाट स्वीकृत भएको मितिदेखि सुदूरपश्चिम प्रदेशभर लागु हुनेछ ।"

(४) निर्देशिकाको विभिन्न दफा, उपदफा, खण्ड र उपखण्डहरुमा रहेका "विपद्", "घटना" तथा "दूर्घटना" भन्ने शब्दहरुको सट्टा "प्राकृतिक विपद्", "प्राकृतिक घटना" तथा "प्राकृतिक दूर्घटना" भन्ने शब्दावलीहरु राख्ने ।

(५) निर्देशिकाको दफा ५ को उपदफा (१) को खण्ड 'ग' मा रहेको "अस्पतालबाट घर फर्कदा आन्तरिक मामिला तथा कानून मन्त्रालयबाट" भन्ने वाक्यांश पछि रहेको "आर्थिक सहयोगस्वरुप प्रतिव्यक्ति रु. १,०००।- (अक्षेरुपी एक हजार) र घर फर्कदा सार्वजनिक यातायातको साधनले तोकेको यातायात खर्च दिने।" भन्ने उपवाक्य हटाई "औचित्यता हेरी आर्थिक सहयोगस्वरुप प्रतिव्यक्ति बढीमा रु. १,५०० ( अक्षेरुपी एक हजार पाँच सय) सम्म दिन सकिनेछ ।" भन्ने उपवाक्य राख्ने ।

(६) निर्देशिकाको दफा ५ को उपदफा (१) को खण्ड 'घ' मा रहेको "प्राकृतिक विपद्, जोखिम तथा प्राकृतिक दूर्घटनामा परी घाइते हुनेहरुलाई" भन्ने वाक्यांशपछि "प्रदेशभित्र उपचार हुन नसक्ने अवस्था भई" भन्ने वाक्यांश थप गर्ने ।

(७) निर्देशिकाको दफा ५ को उपदफा (१) को खण्ड 'ज' हटाई त्यसपछिको खण्डक्रम मिलाउने ।

(८) निर्देशिकाको दफा ५ को उपदफा (१) को खण्ड 'ट' मा रहेको "निर्धारित मापदण्डको आधारमा" भन्ने शब्दावली पछि "प्रदेश सरकारको प्रतिनिधि वा प्रदेश सरकारको तोकिएको कर्मचारीको उपस्थितिमा पीडितहरुलाई शिघ्र र प्रत्यक्षरुपमा" भन्ने वाक्यांश थप गर्ने ।

मुख्य मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सुदूरपश्चिम प्रदेश